लुम्बिनी प्रदेश सरकार Tel: 071-587793
स्वास्थ्य मन्त्रालय Email: bhimhospital.gov@gmail.com
स्वास्थ्य निर्देशनालय
भीम अस्पताल
भैरहवा, रुपन्देही

विषयः छपाइ/कार्यालय समान/स्टेशनरी सामान/काउन्टर/ल्याव/TSC स्टिकर रोल र वाक्स रीवन सप्लाईका लागि शिलवन्दी दरभाउपत्र सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२१

यस भीम अस्पतालमा उपचारार्थ आउने सेवाग्राहीका लागि सेवा उपलब्ध गराउन आवस्यक पर्ने विभिन्न फारमहरु/ रेकर्ड अद्यावधिक गर्ने रजिष्टर/फाइबर ब्याग छपाई/ स्टेशनरी / कार्यालय सामान/ कम्पुटर,ल्याव,Tsc स्टिकर रोल र थरमल पेपर रोल लगायत अस्पताल लाई आवस्यक पर्ने तपशिलमा उल्लेखित सामग्रीहरु २०८३ आषाढ मसान्त सम्म सप्लाइ सम्वन्धि कामको बन्दोवस्त गर्नुपर्ने भएकोले यो ७ दिने सुचना प्रकाशित गरिएको छ। तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि ईजाजत प्राप्त फर्महरुबाट बोलपत्र आव्हान गरिन्छ।

| क्र.स. | ठेक्का न. | बिवरण | धरैटी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | SQ 16 -028/083 | छपाई | ९३,०१०। | |
| २ | SQ 17 -028/083 | कार्यालय सामान | ५९,४३०। | |
| ३ | SQ 18 -028/083 | स्टेशनरी सामाग्री | २५,२२९। | |
| ४. | SQ 19 -028/083 | काउन्टर/ल्याव/टोकन मेसीन TSC स्टिकर रोल र वाक्स रीवन | २०,७७५। | |

तपसिलः

१। दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समय सम्म नेपाली नागरिकताको प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र,नविकृत आयकर दर्ताको प्रमाणपत्र तथा मुल्य अभिबृद्धीकर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी सहित प्रत्येक फारामको रु १०००।०० एक हजार रुपैया मात्र (पछि फिर्ता नहुने गरी ) नगदै बुझाई यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२। खरीद गरिएको दरभाउपत्र ८ औं दिन दिनको १२.०० बजे भित्र सम्म धरौटी बापतको रकम रा.बा.बैंकको प्रदेश लेखा नियन्त्रक कार्यालय रुपन्देहीको धरौटी खाता नं. ३१२०१००२०२०३०००० मा कार्यालय कोड नं ३७००१४८०४५ मा नगदै जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य बैक बाट यस अस्पतालका नाउंमा जारी भएको जमानत (दरभाउपत्र दाखिला गर्ने मिति वाट कम्तिमा ७५ दिनको मान्य अवधी भएको विडबण्ड) संलग्न राखी आवस्यक विवरणहरु स्पष्टसंग भरी सही छाप समेत गरी सीलवन्दी गरी खामको बाहिर भीम अस्पताल, रुपन्देही २०८३ साल आषढ मसान्त सम्मका लागि छपाइ/स्टेशनरी/कार्यालय सामान/ कम्युटर/ल्याव/Tsc स्टिकर रोल र थरमल पेपर रोल उल्लेख गरी अस्पताल लाई सम्वोधन गरिएको दरभाउपत्र यस कार्यालयमा दर्ता गर्न गर्नुपर्नेछ।

३। दर्ता हुन आएका दरभाउपत्रहरु ८ औं दिन दिनको २ (दुई) बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाता ठेकेदार वा निजका प्रतिनिधिहरुको रोहवरमा यस अस्पतालमा खोलिनेछ । ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्नमा बाधा पर्ने छैन ।

४। दरभाउपत्र खरीद गर्ने र दर्ता गर्ने अन्तिम दिन, विदा परेमा सो को भोलीपल्ट र लगत्तै कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

५। दरभाउपत्रमा मुल्य अभिबृद्धी कर वाहेकको दररेट कबुल गर्नुपर्नेछ । दर तथा जम्मा महलमा अंक अक्षर दुबै प्रष्ट संग भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

६। ठेक्का अवधिभर मुल्यवृद्धी दिईने छैन । संभौता संग दिईएको दर रेटमा ठेकेदार आफैले माग गरिएका सामग्रीहररु नियमित रुपमा अस्पतालमा सप्लाई दिनु पर्नेछ ।

७। रीत नपुगेको वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक स्विकृत गर्ने अधिकार यस अस्पताललाई हुनेछ ।

८। यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित सार्वजनिक खरीद ऐन २०६३ तथा सार्बजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

९।अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र कार्यालय प्रशासन शाखामा बुझ्न सकिनेछ ।

अस्पताल प्रमुख

अस्पताल प्रमुख